**निर्णयः**

**यस न. पा. को १९ औं नगर परिषदका लागि देहाय वमोजिम वार्षिक योजना तथा कार्यक्रम एवं नीतिगत निर्णयहरु स्वीकृती गर्ने निर्णय गरियो ।**

कर तथा राजश्व प्रशासन निती

**१ एकीकृत सम्पत्ति कर**

स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६ भाग ३, परिच्छेद ७ को नियम १४४, एकीकृत सम्पत्ति कर निर्देशिका २०६२ बमोजिम प्रत्येक ५/५ वर्ष सम्पत्तिको पुनरावलोकन एवं पुनर्मुल्याङ्कन गर्ने प्रवाधन अनुसार, वडा नं. १ देखि १३ वटा वडाहरुको जग्गाको पुनः मुल्याङ्कन र हालै मात्र विस्तारित बछयौली तथा पिठुवा क्षेत्रका जग्गाको मुल्याङ्कन स्वयं घोषणा पद्धती अनुसार पिठुवा तथा बछयौली क्षेत्रको समेत प्रनिधित्व हुने गरि नगर स्तरिय मुल्याङ्कन समिति गठन गर्ने र सो समितिले सिफारीस गरेको न्यूनतम मुल्यलाई आधार मानी आ.व. २०७२/०७३ मा एकीकृत सम्पत्ति कर लागु गरिनेछ ।

**२ व्यवसाय कर**

स्थानीय स्वायत्त शासन नियमावली २०५६ भाग ३, परिच्छेदन ७ को नियम १४२ बमोजिम न.पा. क्षेत्रभित्र संचालन भएका सम्पूर्ण उद्योग, व्यापार, व्यवसाय, पेशा मुनाफाको उद्देश्यले संचालन गरेका सम्पूर्ण व्यवसायीक कारोबारहरुमा नगरपालिकाले तोके बमोजिम वार्षिक व्यवसाय कर लाग्नेछ । न.पा.को अनुमती विना कुनै पनि व्यपार, व्यवसाय संचालन गर्न पाइने छैन । तद अनुसार तपशिलको नीति बमोजिमको अधिनमा रही व्यापार, व्यवसाय संचालन गर्नुपर्नेछ ।

क) नगरपालिकामा व्यापार व्यवसाय आदि दर्ता गराउन न.पा.ले तोके बमोजिमको फारममा उल्लेख गरिएको व्यहोरा भरी सम्बन्धित वडा समितिको सिफारिस सहित ल्याउनुपर्नेछ ।

ख) व्यापार व्यवसायको लागत कट्टा गर्दा चालु आ.व.सम्मको कर बुझाएको हुनुपर्नेछ । सम्पूर्ण बक्यौता कर चुक्ता गरेर मात्र व्यवसायको लागत कट्टा गरिनेछ ।

ग) व्यवसाय कर प्रत्येक आषाढ मसान्तभित्र बुझाई सक्नुपर्नेछ । अन्यथा चालु आ.व.भन्दा १ वर्ष माथि आएमा बक्यौता करमा १० प्रतिशत जरिवाना र चालु आ.व. को पौष मसान्तभित्र बुझाएमा १० प्रतिशत छुट दिइनेछ ।

घ) व्यवसाय कर बुझाउन पटक पटक ताकेता गर्दा पनि नबुझाएमा स्थानीय स्वायत्त शासन नियमावली २०५६ भाग ३ परिच्छेद ७ को नियम १६५ (२) बमोजिम न.पा.ले उपलब्ध गराएको सेवा सुविधा व्यत्ति, व्यक्तिको हकमा बन्द गर्न सक्नेछ । तर दमकल लगायत आकस्मिक सेवा प्रदान गर्न यसले बाधा पु-याउने छैन ।

ङ) व्यवसाय कर बुझाउँदै आएको तर प्रमाण पत्र नलिएका व्यवसायीहरुको फर्म, नयां प्रमाणपत्र लिनुपर्नेछ ।

च) व्यवसाय बन्दको सिफारिस सम्बन्धित निकायहरुलाई गर्नुपर्ने अवस्थामा सम्बन्धित वडा समिति कार्यालयको सिफारिस अनिवार्य हुनुपर्नेछ । र राजस्व शाखाबाट आवश्यक जांचबुझ गरेपछि मात्र बन्दको सिफारिस गरिदिनेछ ।

ज) व्यवसाय कर नामसारी गर्दा लाग्ने करको ५ प्रतिशत रकम नामसारी दस्तुर लाग्नेछ ।

झ) व्यवसाय दर्ता गर्दा व्यवसाय गरेको स्थानको जग्गा धनी प्रमाणपुर्जाको प्रतिलिपि, बहाल कर सम्झौताको कागज, नागरिकताको प्रतिलिपि र सम्बन्धित वडा समिति कार्यालयको सिफारिस सहित न.पा.मा पेश गर्नुपर्नेछ ।

**३ विज्ञापन कर**

स्थानीय स्वायत्त शासन नियमावली २०५६ भाग ३ परिच्छेद ८ को नियम १४३ बमोजिम नगरपालिका क्षेत्रमा रहेका सडक, चोक, सार्वजनिक स्थलमा राखिने विभिन्न विज्ञापनजन्य प्रचार प्रसार सामाग्रीहरुलाई विज्ञापनकर नगर परिषदले तोके बमोजिम विज्ञापन कर लिइनेछ । तर उक्त विज्ञापनजन्य सामाग्रीहरु सम्बन्धित व्यवसायी कम्पनी, व्यक्ति संघ संस्थाले न.पा.का सुन्दरतालाई असर पर्ने गरी विज्ञापन सामाग्रीहरु राख्न पाइने छैन । न.पा. क्षेत्रभित्र जुनसुकै स्थानमा प्रचार प्रसार सामाग्रीहरु राख्नलाई न.पा.को पूर्ण स्वीकृति अनिवार्य लिनुपर्नेछ । सो लागि आवश्यक प्रचार प्रसार तथा विज्ञापनका बुझाउनुपर्ने छ । साथै मदिरा एवं धुम्रपान अन्य सामाग्रीको प्रचार प्रसार निषेध गरिएको छ तर सामाजिक चेतना एवं सन्देशमुलक विज्ञापन सामग्रीहरु न.पा.को स्वीकृतिलाई निशुल्क राख्न दिइनेछ । आर्थिक वर्ष २०७०/०७१ देखी छांया एडरभरटाईजिङ, विराटनगरलाई आर्थिक वर्ष २०७२/०७३ सम्म आपसी सम्झौता द्धारा प्रत्येक वर्ष १० % बृद्धि हुने गरि विज्ञापन कर उठाउन दिइएकोमा सोही वमोजिम यस आ.व. मा निरन्तरता दिने निर्णय गरियो ।

**४ सवारी कर**

स्थानीय स्वायत्त शासन ऐन २०५५, भाग ३ परिच्छेद ७ को नियम १४३ अनुसुची ११ बमोजिम नगरपालिका आफैले निर्माण गरेको वा आफूलाई हस्तान्तरण भइ आएको सडक क्षेत्रमा पटक सवारी कर लिन पाउन प्रावधान भए बमोजिम

नगरपरिषदले नगर क्षेत्रभित्र विभिन्न सडक खण्डमा नगरपालिकाले तोक बमोजिमको सवारी कर लिनेछ । तर पर्यटकीय क्षेत्र प्रवेश गर्ने सडक खण्डमा सम्बन्धित पक्षलाई असर नपर्ने गरी पटके सवारीकर लिनेछ । सो क्षेत्रबाट उठेको रकम सम्बन्धित सडकको मर्मत सम्भार कार्यमा खर्च गरिनेछ । साथै न.पा. क्षेत्रभित्र सवारी साधन भएका सवारीधनीहरुले वार्षिक सवारी साधन कर न.पा. मा बुझाउनुपर्नेछ ।

**५ पर्यटक सेवा शुल्क**

स्थानीय स्वायत्त शासन ऐन २०५५ भाग ३ परिच्छेद ८ को १४५ (३) बमोजिम राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रबाट आगमन हुने पर्यटकहरुबाट पर्यटन स्थल प्रवेश वा उपभोग गरे बापत न.पा.ले पर्यटन शुल्क उठाउन पाइने प्रावधान अनुसार कार्यविधि वा निर्देशिका तयार गरी आगामि आ.व. मा पर्यटन शुल्क लगाइनेछ ।

नेपालकै तेस्रो पर्यटकीय गन्तव्यको रुपमा रहेको सौराहा क्षेत्र हालै यस न.पा. मा विस्तारित भएको वर्तमान अवस्थामा पर्यटन शुल्क पनि न.पा.को दिगो आर्थिक मेरुदण्डको रुपमा रहेकोले पर्यटकहरुलाई आकर्षण गर्ने विभिन्न रणनीतिक योजनाहरु तयार पारी यस क्षेत्रका पर्यटनसंग सम्बन्धित सरोकारवाल निकायहरु जस्तै : विभिन्न सामुदायिक वन, क्षेत्रीय होटल संघ सौराहा, हात्ती व्यवसायी, मध्यवर्ती सामुदायिक वनको छाता संगठन पर्यटनवीद आदिसंग छलफल, अन्तरक्रिया गरी पर्यटन शुल्क लगाइनेछ । उक्त पर्यटन शुल्कबाट उठेको रकम पर्यटन क्षेत्रकै विकास, प्रवर्धन लगायतका क्षेत्रहरुमा खर्च गरिनेछ ।

**६ सरसफाई शुल्क**

बढ्दो शहरीकरण र जनसंख्याको वृद्धिको कारणले न.पा.को जनघनत्वमा दिनानुदिन वृद्धि हुँदै गइरहेको छ । साविकको १३ वटा वडाबाट १९ वडामा विस्तारित भइसके पछि फोहर लगायत अन्य विकराल समस्याको रुपमा रहेको छ । सिमित आयस्रोतले न.पा.को फोहोर मैला व्यवस्थापनमा समस्या नै भएको जगजायर भएकोले फोहरलाई फोहरमा परिणत गर्न फोहर व्यवस्थापन गर्ने निजी क्षेत्र मार्फत वा निजी क्षेत्रलाई समेतको सहकार्यमा PPP सार्वजनिक, निजी, साझेदारी अवधारण बमोजिम सरसफाई शुल्क उठाइने छ । सो क्षेत्रबाट उठेको रकम नगरको सरसफाई कार्यमा खर्च गरिनेछ । सरसफाई शुल्क नगरपरिषदले तोके बमोजिम दररेट अनुसार लाग्नेछ ।

**७) बहाल कर**

स्थानीय स्वायत्त शासन ऐन २०५५, भाग ३ परिच्छेद ८ को दफा १३७ को उपदफा(१) बमोजिम नगरपालिका क्षेत्र भित्र कुनै घर, पसल, ग्यारेज, गोदाम टहरा, सेड(छप्पर), करखाना वा पोखरी आंशिक दवरले वहालमा दिएमा वहालमा लगाउने वहालधनीबाट बहाल रकममा सयकडा रु २(%) प्रतिशतका दरले बहाल कर लाग्नेछ ।

जस अनुसार न.पा.को शहरी वडाहरु र पर्यटकीय स्थल का वडाहरुमा न.पा.ले न्युनतम मासिक बहाल कर (भाडा) दर रेट निर्धारण गर्न विज्ञ सहितको समिती गठन गरिनेछ ।

क) न.पा.को शहरी वडाहरु वडा नं. १, २, ८ र पर्यटकीय स्थल वडाहरु वडा नं. १७, १८ मा बहाल कर लिइनेछ ।

ख) उल्लेखीत वडाहरुको बहाल कर (भाडा) न.पा.ले क्षेत्र विभाजन गरी लागु गर्नेछ ।

ग) बहाल कर एकीकृत सम्पत्ति कर संगै लिइनेछ ।

छ) घरधनीले बहालमा लगाए, नलगाएको स्पष्ट विवरण दिनुपर्नेछ । विवरण स्पष्ट नदिएमा निजको सेवा सुविधा अन्य सुविधाहरु रोक्का गरिनेछ ।

ज) घर बहालकरलाई व्यवस्थित गर्न आन्तरिक राजस्व कार्यालय, उद्योग वाणिज्य संघसंग आवश्यक सहयोग एवं सहकार्य गरी बहालकर असुली गरिनेछ ।

**८ विटौरी कर**

र.न.पा. २ स्थित निर्मित तरकारी बजार स्थल क्षेत्रभित्र रहेका फुटपाथे अस्थायी प्रकृतीका व्यवसायीहरुलाई नगरपरिषदले तोके बमोजिम बहाल बिटौरी कर लाग्नेछ । उक्त विटौरी कर व्यवसायको प्रकृती हेरी नगरपरिषदले तोकेको दररेट अनुसार दैनिक रुपमा लिइनेछ ।

**९ मनोरञ्जन कर**

ऐनको दफा १४१ बमोजिम नगर क्षेत्रभित्र रहेका सिनेमा हल, केबलकार, सांस्कृतिक प्रदशन हल जस्ता मनोरन्जनका साधनहरुमा नगरपरिषदले तोके बमोजिम मनोरन्जन कर लाग्नेछ ।

यस क्षेत्रमा प्रसार भएका केबल नेटवर्क, सिनेमा हल, सांस्कृतिक घर, जादु, सर्कस, चटके लगायत आदिलाई नगर परिषदले तोके बमोजिम मनोरन्जन कर लिइनेछ ।

१० कर तथा राजश्व प्रशासनलाई अझ चुस्त, दुरुस्त एवं व्यवस्थित बनाउन क्षमता अभिबृद्धी सम्बन्धि तालिम कार्यक्रमहरु ल्याईनेछ ।

११ सार्वजनिक निजि साझेदारी अवधारणा बमोजिम कर तथा राजश्व अशुली कार्यमा सहकार्य गरि क्रियाशिलता ल्याइनेछ ।
१२ कर तथा राजश्वहरुको बारेमा विभिन्न संचार माध्यमहरुबाट नगरबासीहरुलाई सुसूचित गरिनेछ ।
१३. नियमित रुपमा ३० हजार भन्दा माथि कर बुझाउने करदाताहरुलाई पुरस्कृत तथा सम्मान गरिनेछ ।
१४. आन्तरिक श्रोतलाई अभिवृद्धि गर्न विभिन्न सरोकारवाला निकायहरुसंग सहकार्य एवं नयां, करको क्षेत्रहरुको खोजी गरिनेछ ।
१५. न.पा. आर्थिक मेरुदण्डको रुपमा रहेको आन्तरिक करलाई अभिवृद्धि गर्न नियमित रुपमा कर तथा राजश्व अशुली गर्न टोली निर्माण गरिनेछ र उक्त टोलीलाई प्रोत्साहन स्वरुप अतिरिक्त सुविधा दिईने निर्णय  गरियो ।
१६. कर तथा राजश्व संकलनमा सम्बन्धमा अनुगमन समिति गठन गरी कर, राजश्व मुल्याङ्कनलाई प्रभावकारी ल्याईने ।
१७. अन्तरिक श्रोत बढाई र.न.पा. लाई आत्मनिर्भर र विकास निर्माणका योजना, गुरु योजना लागु गर्ने स्थितीमा पु-याउने ।
१८. कर, राजश्वको सम्भाव्यता अध्ययन तथा क्षमता विश्लेषण गरी नया कर राजश्वका क्षेत्र पहिचान गर्ने ।
१९. रत्ननगर नगरपालिका क्षेत्र विस्तार भई कायम भएमा वडाहरुमा घर निर्माणका लगि नक्सापास गर्ने व्यवस्थालाई अनिवार्य गर्ने ।
२०. र.न.पा. को राजश्व शाखा मार्फत न.पा. को कर सुदृढीकरण योजना लागु गर्ने ।
२१. उद्योगी व्यसायीहरुसंग घनिष्टता बढाई स्वंय कर निर्धारण तर्फ प्रोत्साहीत गर्ने ।
२२ व्यवसाय करमा वर्तमान प्रचलित मुल्य बमोजिम पुनरावलोकन गर्ने ।
२३ आर्थिक वर्ष २०६२/०६३ देखी लागु भएको एकीकृत सम्पत्ति करको प्रत्येक ५/५ वर्षमा पुनरावलोकन गर्नुपर्ने स्थानीय स्वायत्त शासन ऐनले व्यवस्था गरे अनुसार गर्ने र क्षेत्र विस्तार भएका ६ वटा वडाहरुमा क्षेत्र विभाजन गरी जग्गाको न्यूनतम मुल्याङ्कन गरी सम्पत्ति कर लागु गर्ने ।
२४ करको दायरा बढाउने र दायरामा नआएका व्यवसायीहरुलाई करको दायरामा ल्याउने ।
२५ सामुदायिक वन, राष्ट्रिय निकुञ्ज, हाती व्यवसायी संघ ले लिने कर, राजश्वको योगदान स्थानीय निमायमा हुने गरि समन्वय गर्ने ।
२६. उद्योगी, व्यवसायीहरुसंग अन्तरक्रीया गर्ने ।
२७. बस पार्क भएका ठाउहरुमा पार्कीङ्ग शुल्क उठाउने ।
२८ आन्तरिक आयको दिगो विकास र बृद्धिको लागि कर प्रशासनलाई चुस्त, दुरुस्त र व्यवस्थित बनाईनेछ ।
२९ यस नगरपालिकाले न.पा. द्धारा निर्माण भएको ढल मार्फत सेवा लिईरहेका नगरबासीहरुलाई सो सेवा वापत मासिक सेवा शुल्क निर्धारण गरि लागु गरिनेछ ।
३० यस न.पा. ले नगरको पर्यटन गतिविधिबाट दिगो आय आर्जन गरि यस नगरको पर्यटन गतिविधि प्रवर्धन गर्न पर्यटन सेवा शुल्क मार्फत स्थानीय विकासका लागि सम्भाव्य क्षेत्रको पहिचान गर्न विज्ञ सहितको पर्यटन विकास शुल्क निर्धारण सुझाव समिति गठन गरि सो को सिफारीस अनुसार पर्यटन शुल्क लागु गर्ने ।
३१ .एकीकृत सम्पत्ति कर निर्देशिका २०६२ लाई परिमार्जन गरि लागु गर्ने ।
३२ आधारभुत खाद्य पसल, दैनिक उपभोग्य बस्तुहरु बिक्रि गर्ने व्यापारी तथा व्यवसायीहरुको हकमा सम्बन्धित सरोकारवालाहरुको प्राप्त राय, सुझावहरुलाई  ध्यानमा राखी व्यवसायको कारोबार र प्रकृती हेरी अधिकतम श्रेणी विभाजन गरि कर दस्तुरलाई समायोजन गरिनेछ ।
३३ कर, राजश्वको सम्भाव्यता अध्ययन तथा क्षमता विश्लेषण गरि नयां कर राजश्वको क्षेत्र पहिचान गर्ने ।
३४. नगरपालिका क्षेत्र भित्र ढु□ा, गिटी, वालुवा कर न.पा. लगाउन पाउने गरि जि.वि.स. संग अनुरोध गर्ने र यस विषयमा संघिय मामिला तथा स्थानीय विकास मंत्रालयमा पत्राचार, पहल गर्ने ।
३५ पर्यकीय सूचना केन्द्र निर्माण गरि आन्तरिक श्रोतलाई अभिवृद्धी गर्न आवश्यक रणनीती तयार गर्ने ।
. क्षेत्रीय होटल संघ, पर्यटन संग सम्बन्धित संघ, संस्थाहरु संग सहकार्य गरि होटलहरुको लगत लिने र बाहय मुलुकहरुबाट आउने पर्यटकहरुसंग सुमधुर कायम राख्न सशूल्क विभिन्न सास्कृतीक कार्यक्रम गर्ने ।
३६. वि.स. २०७६ सम्म नेपाललाई वालश्रम मुक्त गर्ने राष्टव्यापी कार्यक्रम अनुसार प्रत्येक करदाताहरुबाट रु १०(दश) अशूली गरि वाल कोष वचत संचालन गर्ने र सो रकम वालवालिकाको सर्वोत्तम हितमा खर्च गरिने ।

## सेवा शुल्क

१. निवेदन दर्ता, फारम, प्रमाण पत्र तथा परिचय पत्र दस्तुर

| क्र.सं. | विवरण | २०७१।०७२ को दररेट | २०७२।०७३ को दररेट |
|---|---|---|---|
| १ | निवेदन दर्ता दस्तुर | १०।– | १०।– |
| २ | निवेदन फाराम दस्तुर | १०।– | १०।– |
| ३ | नागरिकता अनुसुचि फाराम/प्रतिलिपि फाराम दस्तुर | ५०।– | निशुल्क |
| ४ | व्यवसाय प्रमाण पत्र दस्तुर | १००।– | १००।– |
| ५ | सवारी तथा रिक्सा परिचय पत्र दस्तुर | १००।– | १००।– |
| ६ | नक्सा पास दरखास्त फाराम दस्तुर | ५००।– | ५००।– |
| ७ | व्यवसाय नामसारी, प्रतिलिपी, साझेदार थपघट दस्तुर | ३००।– | ३००।– |
| ८ | व्यवसाय दर्ता दस्तुर | ३००।– | ५००।– |
| ९ | व्यक्तिगत घटना दर्ता (३५ दिन भित्र दर्ता गर्न आएमा) | | निशुल्क |
| | क. ३६ देखी ७० दिन सम्म | | रु १०।– |
| | ख. ७० दिन भन्दा माथी | | रु ५० सम्म |
| १० | हरेक घटना दर्ताको प्रतिलिपि | ५०।– | ५०।– |
| ११ | एकीकृत सम्पत्ति कर फाराम दस्तुर | २०।– | २०।– |

२. विभिन्न सिफारीस दस्तुर

| क्र.सं. | विवरण | २०७१।०७२ को दररेट | २०७२।०७३ को दररेट |
|---|---|---|---|
| १ | सामान्य सिफारीस दस्तुर | १००।– | १००।– |
| २ | उद्योगको ठाउसारी तथा नामसारी सिफारीस | १२००।– | १२००।– |
| ३ | घर जग्गा नामसारी सिफारीस /हकदार प्रमाणीत | २३० | २५०।– |
| ४ | विद्युत जडान सिफारीस | | |
| | क) घरायसी /कृषि प्रयोजन | २००।– | २००।– |
| | ख) औद्योगिक प्रयोजन ठुलो (थ्रि फेज) | १०००।– | १०००।– |
| | ग) औद्योगिक प्रयोजन सानो (थ्रि फेज) | ७००।– | ७००।– |
| | घ) विद्युत ठाउसारी /नामसारी | | २००।– |
| ६ | अंग्रेजीमा गरिने सिफारीस | ५००।– | ५००।– |
| ७ | नागरिकता सिफारीस | ५।– | निशुल्क |
| ८ | नागरिकता प्रतिलिपि सिफारीस | ५।– | ५०।– |
| ९ | भारत प्रवेशाज्ञा सिफारीस | ३००।– | ३००।– |
| १० | व्यक्ति प्रमाणीत/नामथर संसोधन सिफारीस | २३०।– | २३०।– |
| ११ | नाता सम्बन्ध प्रमाणीत सिफारीस | २३०।– | २३०।– |
| १२ | घरेलु उद्योगमा व्यसाय दर्ताको लागि सिफारीस | २३०।– | २३०।– |
| १३ | दाउरा निकासी सिफारीस | | |
| | क) व्यक्तिगत प्रयोजनकोलागि प्रति टेक्टर | २००।– | २००।– |
| | ख) चिम्नी प्रयोजनको लागि प्रति टेक्टर | १०००।– | १०००।– |
| | ग) चिम्नी प्रयोजनको लागि प्रति ट्रक | २०००।– | २०००।– |
| १४ | चौपाया निकासी सिफारीस(व्यपारी प्रयोजनको लागि) | | |
| | क) जिल्ला भित्र प्रति गोटा (गाई, गोरु, रांगा, भैसि) प्रती गोटा | १००।– | १००।–(प्रती गोटा) |
| | ख) जिल्ला बाहीर प्रति गोटा(हांस, कखुरा, बाखा, बंगर) आदि प्रती गोटा | २०० | ५०।–( प्रती गोटा) |
| १५ | जग्गा अद्यावधिक, घर कायम सिफारीस | ३००।– | ३००।– |
| १६ | जग्गाधनी प्रमाण पुर्जा प्रतिलिपि सिफारीस | २००।– | २००।– |
| १७ | एकीकृत सम्पत्ति कर रसिद प्रतिलिपि प्रमाणीत दस्तुर | ५०।– | ५०।– |
| १८ | ई. रिक्सा नामसारी दस्तुर | | २००।– |
| १९ | मोहीको लगत कट्टा सिफारीस | | २००।– |
| २० | चारीत्रिक र पेशा प्रमाणीत सिफारीस | २३० | २३०।– |

| | | | |
|---|---|---|---|
| २१ | बसोबास प्रमाणीत सिफारीस | २३० | २३०।- |
| २२ | विवाहीत/अविवाहीत प्रमाणीत सिफारीस | २३० | २३०।- |
| २३ | संघ, संस्था दर्ता सिफारीस | २३०।- | २३०।- |
| २४ | विवाह सम्बन्धी प्रमाणीत सिफारीस | २३०।- | २३०।- |
| २५ | जन्ममिति प्रमाणीत | २३०।- | २३०।- |
| २६ | घर निर्माणका लागि काठ, दाउरा उपलब्ध गराउने सिफारीस | ३००।- | ३००।- |
| २७ | नाता प्रमाणीत(मृतकको हकमा) | २३०।- | २३०।- |
| २८ | सर्जमिन दस्तुर | | |
| | क) नाता प्रमाणीत | २००।- | २००।- |
| | ख) व्यक्ती प्रमाणीत | २००।- | २००।- |
| | ग) ठुलो उद्योग | २५००।- | ३०००।- |
| | घ) साना घरेलु उद्योग | १५००।- | २०००।- |
| | ङ) अन्य | ३००।- | ५००।- |
| २९ | निजि विद्यालय स्तरोन्नती सिफारीस | | |
| | क) प्रा.वि. को लागि | | १५००।- |
| | ख) नि.मा.वि. को लागि | | २०००।- |
| | ग) मा.वि. को लागि | | २५००।- |
| | घ) उच्च मा.वि. को लागि | | ३०००।- |
| ३० | खानेपानी जडान, ठाउसारी/नामसारी | २३०।- | २३०।- |
| ३१ | घर निर्माणका क्रममा रोक्का गर्न साध सिमाना उजुरी निवेदन दस्तुर | | ३००।- |
| ३२ | नावालक प्रमाणीत सिफारीस | २३०।- | २३०।- |
| ३३ | अंग्रेजीमा गरिने सिफारीस | ५००।- | ५००।- |

३. चार किल्ला प्रमाणीत

वडा नं १,२, ८,

| क्र.सं. | जग्गाको क्षेत्रफल | राजमार्ग | शाखा पिच | ग्रेबल, कच्ची, बाटो नभएको |
|---|---|---|---|---|
| १ | ५ धुर सम्म | ६५०।- | ३५०।- | २५०।- |
| २ | ५ देखी १० धुर सम्म | ११५०।- | ५५०।- | ४५०।- |
| ३ | १० देखी १५ धुर सम्म | १२५०।- | ७५०।- | ५५०।- |
| ४ | १५ धुर देखी २ कट्टा सम्म | १४५०।- | १०५०।- | ८००।- |
| ५ | २ कट्टा देखी ५ कट्टा सम्म | १९००।- | १२५०।- | ९५०।- |
| ६ | ५ कट्टा देखी १० कट्टा सम्म | ३९५०।- | १५५०।- | १२५०।- |
| ७ | १० कट्टा देखी १ विगहा सम्म | ४९५०।- | २०५०।- | १५५०।- |
| ८ | १ विगहा देखी २ विगहा सम्म | ५९५०।- | २५५०।- | २०५०।- |
| ९ | २ विगहा भन्दा माथि | ६५५०।- | ३०५०।- | २५५०।- |

वडा नं ३, ४, ७, १७ र १८

| सि.नं. | जग्गाको क्षेत्रफल | जग्गाको मोहडा | | | | |
|---|---|---|---|---|---|---|
| | | राजमार्ग | शाखा पिच | ग्रेबल | कच्ची | बाटो नभएको |
| १ | १ कठ्ठा सम्म | ६००।- | ४५०।- | ३५०।- | २५०।- | २००।- |
| २ | १ देखी ५ कठ्ठा सम्म | ९००।- | ७५०।- | ५००।- | ४५०।- | २५०।- |
| ३ | ५ कठ्ठा देखी १० कठ्ठा सम्म | १५००।- | १०५०।- | ७५०।- | ५५०।- | ४००।- |
| ४ | १० कठ्ठा देखी १ बिगहा सम्म | २०५०।- | १५५०।- | १०५०।- | ७५०।- | ६५०।- |
| ५ | १ विगहा देखी २ विगहा सम्म | ३०५०।- | २०५०।- | १५५०।- | १०५०।- | ९५० ।- |
| ६ | २ विगाहा भन्दा माथि | ३५५०।- | २५५०।- | २०५०।- | १५५०।- | १४५०।- |

वडा नं ५, ६, ९,१०, ११, १२, १३ १४ १५, १६ र १९

| सि.नं. | जग्गाको क्षेत्रफल | जग्गाको मोहडा | | | |
|---|---|---|---|---|---|
| | | शाखा पिच | ग्रेबल | कच्ची | बाटो नभएको |
| १ | १ कठ्ठा सम्म | ४५०।- | ३००।- | २५०।- | १५०।- |
| २ | १ देखी ५ कठ्ठा सम्म | ७५०।- | ५००।- | ४००।- | २५०।- |
| ३ | ५ कठ्ठा देखी १० कठ्ठा सम्म | ९५०।- | ८००।- | ६५०।- | ४५०।- |
| ४ | १० कठ्ठा देखी १ बिगहा सम्म | १३५०।- | ११००।- | ८५०।- | ६५०।- |
| ५ | १ विगहा देखी २ विगहा सम्म | १८५०।- | १६००।- | १०५०।- | ८५०।- |
| ६ | २ विगहा भन्दा माथि | २३५०।- | २१००।- | १५५०।- | १२००।- |

४. बाटो प्रमाणीत सिफारीस

वडा नं २

| क्र.सं. | जग्गाको क्षेत्रफल | जग्गाको मोहडा | | |
|---|---|---|---|---|
| | | राजमार्ग | शाखा पिच | ग्राबेल तथा अन्य |
| १ | ५ धुर सम्म | ३५०।- | ३००।- | २०० |
| २ | ५ धुर देखी १० धुर सम्म | ५५०।- | ४५०।- | ३५०।- |
| ३ | १० धुर देखी १५ धुर सम्म | ७००।- | ६५०।- | ५५० ।- |
| ४ | १५ धुर देखी २ कठ्ठा सम्म | १०५०।- | ८५०।- | ७००।- |
| ५ | २ कठ्ठा देखी ५ कठ्ठा सम्म | १३५०।- | १०५०।- | ९५०।- |
| ६ | ५ कठ्ठा देखी १० कठ्ठा सम्म | १६५०।- | १२५०।- | ११५०।- |
| ७ | १० कठ्ठा देखी १ विगहा सम्म | २५००।- | १७००।- | १३५०।- |
| ८ | १ विगहा देखी २ विगहा सम्म | ३५००।- | २०००।- | १७५०।- |
| ९ | २ विगहा भन्दा माथि | ४५००।- | २५००।- | २०००।- |

वडा नं १, ८,

| सि.नं. | जग्गाको क्षेत्रफल | जग्गाको मोहडा | | | |
|---|---|---|---|---|---|
| | | राजमार्ग | शाखा पिच | ग्रेबल | कच्ची/ बाटो नभएको |
| १ | १ कठ्ठा सम्म | ८००।- | ६५०।- | ४५०।- | ३५०।- |
| २ | १ कठ्ठा देखी ५ कठ्ठा सम्म | १०००।- | ८००।- | ६००।- | ४००।- |
| ३ | ५ कठ्ठा देखी १० कठ्ठा सम्म | १२५०।- | १००० ।- | ७५०।- | ५५०।- |
| ४ | १० कठ्ठा देखी १ बिगहा सम्म | २०००।- | १५००।- | १२००।- | ८००।- |
| ५ | १ विगहा देखी २ विगहा सम्म | ३०००।- | १८००।- | १५००।- | १०५०।- |
| ६ | २ विगहा भन्दा माथि | ४०००।- | २०००।- | १८०० | १५००।- |

वडा नं ३,४, ७,१७ र १८

| सि.नं. | जग्गाको क्षेत्रफल | जग्गाको मोहडा | | | |
|---|---|---|---|---|---|
| | | राजमार्ग | शाखा पिच | ग्रेबल | कच्ची/ बाटो नभएको |
| १ | १ कठ्ठा सम्म | ७००।- | ५००।- | ४५०।- | २५०।- |
| २ | १ कठ्ठा देखी ५ कठ्ठा सम्म | ९००।- | ६५०।- | ५५०।- | ३५०।- |
| ३ | ५ कठ्ठा देखी १० कठ्ठा सम्म | १०५०।- | ८५०।- | ६५०।- | ५५०।- |
| ४ | १० कठ्ठा देखी १ बिगहा सम्म | १३५०।- | १०५०।- | ८५०।- | ७५०।- |
| ५ | १ विगहा देखी २ विगहा सम्म | १८५०।- | १३५०।- | १०५०।- | ९५०।- |
| ६ | २ विगहा भन्दा माथि | २०५०।- | १५५०।- | १२५० | ११५० |

वडा नं ५, ६, ९,१०, ११, १२ , १३, १४,१५,१६ र १९

| सि.नं. | जग्गाको क्षेत्रफल | जग्गाको मोहडा | | | |
|---|---|---|---|---|---|
| | | शाखा पिच | ग्रेबल | कच्ची | बाटो नभएको |
| १ | १ कठ्ठा सम्म | ४००।- | ३००।- | २००।- | १५०।- |
| २ | १ कठ्ठा देखी ५ कठ्ठा सम्म | ५५०।- | ४५०।- | ३५०।- | २५०।- |
| ३ | ५ कठ्ठा देखी १० कठ्ठा सम्म | ८५०।- | ६५०।- | ५००।- | ३५०।- |
| ४ | १० कठ्ठा देखी १ बिगहा सम्म | ११५०।- | ८५०।- | ७५०।- | ५५०।- |
| ५ | १ विगहा देखी २ विगहा सम्म | १५५०।- | १२५०।- | ८५०।- | ८५०।- |
| ६ | २ विगहा माथि | १८५०।- | १४५०।- | १०५०।- | ९००।- |

५. मनोरञ्जन कर

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १ | सिनेमा हल | १५,०००।- |
| २ | महोत्सव, उत्सव, मेला आदिको स्वीकृती | १५०००। |
| ३ | स शुल्क सांगितिक, सास्कृतिक, कन्सर्ट कार्यक्रम | दैनिक रु १००० |
| ४ | जादु, चटक, बहुरुपी | दैनिक रु ५००।- |

६. वर्षिक सवारी साधन कर तथा पटके सवारी करः

| क्र.सं. | सवारीको किसिम | वार्षिक कर (स्वदेशी) | पटके | |
|---|---|---|---|---|
| | | | स्वदेशी | विदेशी |
| १ | रिक्सा, ठेला | ५० | | |
| २ | ई. रिक्सा, | ७०० | १० | |
| ३ | बस, ट्रक, लहरी तथा अन्य हेभी गाडी | २००० | २० | ५०० |
| ४ | मिनि बस, मिनि ट्रक, जिप, भ्यान, | १५००।- | १० | ३०० |
| ५ | टेक्टर, पावर टेलर | ५०० | १० | २०० |
| ६ | नोटः क) वार्षिक सवारी सवारी कर पौष महिना भित्र बुझाएमा १० प्रतिशत छुट दिईनेछ। | | | |
| | ख) रत्ननगर न.पा. भित्र ठेगाना भएका सवारी साधनहरुको अनिवार्य रुपमा वार्षिक सवारी कर बुझाउनु पर्नेछ। | | | |

७. सवारी साधन दर्ता तथा संचालन ईजाजत दस्तुर

| क्र.सं. | विवरण | रु |
|---|---|---|
| १ | ईन्धनबाट चल्ने सवारी साधन | २०० |
| २ | रिक्सा, ठेला | ५० |
| ३ | ईलेक्ट्रीक रिक्सा | १०० |

## ८. शौचालय सेवा शुल्क

| क्र.सं. | विवरण | दर रु |
|---|---|---|
| १ | पिसाव गरेको | ५(पाँच) |
| २ | दिशा गरेको | १०(दश) |
| ३ | स्नान गरेको | २०(बीस) |

९. नक्सा पास दस्तुर

| सि.नं. | घरको वनावट | राजमार्गको दाया र बाया बन्ने घरको प्रति वर्ग फुट लाग्ने दस्तुर (रु मा) | शाखापिचसडकको दाया र बाया बन्ने घरको प्रति वर्ग फुट लाग्ने दस्तुर (रु मा) | अन्य सडकको दाया र बाया बन्ने घरको प्रति वर्ग फुट लाग्ने दस्तुर (रु मा) |
|---|---|---|---|---|
| १ | आर सि.सि. फेम बनावट | | | |
| क | भुई तल्ला | ५।५० | ४।५० | ३।५० |
| ख | प्रथम तल्ला | ६।५० | ५।५० | ४।५० |
| ग | दोस्रो तल्ला तथा सो भन्दा माथि | ७।५० | ६।५० | ५।५० |
| २ | लोड बेरिङ ढलान तथा कडी पाटन | | | |
| क | भुई तल्ला | ४।५० | ३।५० | २।५० |
| ख | प्रथम तल्ला | ५।५० | ४।५० | ३।५० |
| ग | दोस्रो तल्ला तथा सो भन्दा माथि | ६।५० | ५।५० | ४।५० |
| ३ | ईट्टालाई सिमेन्ट मसला/माटो जोडाई गरि बनेका जस्ता छाना भएका घर | | | |
| क | भुई तल्ला | २।५० | २।०० | १।२५ |
| ख | प्रथम तल्ला | ३।५० | ३।०० | २।५० |
| ग | दोश्रो तल्ला तथा सो भन्दा माथि | ४।५० | ४।०० | ३।५० |
| ४ | कम्पाउण्ड वाल | ६।०० | ५।०० | ४।०० |

१) घर नक्शाको प्रतिलिपी दस्तुररु रु ५००।-

२) घर नक्साको नामसारी दस्तुर २५ प्रतिशत (नामसारी गर्दाको मितीमा लाग्ने दस्तुरको)

३ ) नगरपालिका घोषणा पश्चात निर्माण भएका घरको नक्सा अनुमोदन गर्दा रु १००।- प्रतिशत बिलम्ब शुल्क लाग्ने छ।

४) १५ फिट भन्दा माथि बनेका फैक्ट्री सिनेमाघर तथा अन्य भवनको हकमा लाग्ने दस्तुरमा प्र. वर्ग फिट रु ३।०० थप दस्तुर लाग्ने छ

५) नक्सापास प्रकियामा रहेको सिफारीस दस्तुर रु ३००।-

६) नक्सापास निबेदन दस्तुर रु ५००।-लाग्नेछ।

७) निर्माण सम्पन्न दस्तुर रु ५००।-

८) कित्ता तथा नाम संसोधन गर्दा लाग्ने दस्तुर रु ५००।-

९) स्वीमिङ पुल निर्माण गर्दा लाग्ने दस्तुर प्रति वर्ग फिट रु ५

- ❖ हालै विस्तारित पिठुवा तथा बछ्यौली क्षेत्रका पुराना भौतिक संरचनाहरुको(न.पा. मा विस्तारित हुन भन्दा अगाडी ) नक्सा पास गर्नको चालु आर्थिक वर्ष देखीनै सुचना जारी गर्ने र सो अवधिमा नक्सापास गर्न आउने सेवाग्राहीहरुलाई भौतिक संरचनाको आधारमा लाग्ने दस्तुरमा ४० देखी ७०% सम्म प्रतिशत छुट दिईनेछ।
- ❖ भौतिक संरचनाको नक्सापास गर्दा न.पा. र नेपाल सरकारबाट आधिकारीक सुचिकृत भएका फर्म (Consultancy) र प्राविधिकबाट नक्सा प्रमाणीत भएको हुनुपर्नेछ।

१०. ग्रेडर भाडा

न.पा. भित्रका उ.स. लाई प्रति घण्टा रु १५००।-
न.पा. संग जोडीएका छीमेकी गा.वि.स.लाई प्रति घण्टा रु २०००।-
न.पा. बाहीरको लगि व्यक्तिगत प्रयोजन/अन्य गा.वि.स. रु २५००।-
(न.पा. को काम बाहेक अन्य क्षेत्रमा लैजादा सम्बन्धित व्यक्ति, संघ संस्थाले नै ईन्धन खर्च व्यहोर्न पर्ने छ। )

११. एक्साभेटर भाडा

न.पा. भित्रका उ.स. लाई प्रति घण्टा रु २२००।-
(ईन्धन कार्यालयले व्यहोर्ने गरि )

| | | |
|---|---|---|
| १२. | Sewerage Jetting Machine | |
| | प्रति दिन रु ५०००।- | |
| | प्रति घण्टा रु १०००।- | |
| | (ईन्धन सम्बन्धित पक्षले व्यहोर्नु पर्नेछ) | |
| १३. | Suction Machine | |
| | न.पा. भित्र प्रति टंकी | रु २५००।- |
| | न.पा. संग जोडीएका छीमेकी गा.वि.स.लाई टंकी | रु ३०००।- |
| | न.पा. बाहीरको लागि प्रति टंकी | रु ३५००।- |
| १४. | एच आर डीसी हल भाडा | १०००।-(दैनिक) |
| १५. | अन्य हल भाडा | ५००।-(दैनिक) |
| १६. | ओभरहेड प्रोजेक्टर भाडा | ५००।-(दैनिक) |

**१७. एकीकृत सम्पत्ति करको दर (२०७२।०७३) देखी २०७६।०७७ सम्म**

| सि.नं. | मुल्याङ्कन रकम (रु मा) | | | | एकीकृत सम्पत्तिकर वार्षिक (रु मा) |
|---|---|---|---|---|---|
| १ | .१ | देखी | २ लाख ५० हजार | सम्म | ५०।- |
| २ | २ लाख ५० हजार १ | देखी | ५ लाख | सम्म | १००।- |
| ३ | ५ लाख १ | देखी | ७ लाख ५० हजार | सम्म | १५० ।- |
| ४ | ७ लाख ५० हजार १ | देखी | १० लाख | सम्म | २००।- |
| ५ | १० लाख १ | देखी | १२ लाख | सम्म | २५०।- |
| ६ | १२ लाख १ | देखी | १४ लाख | सम्म | ३००।- |
| ७ | १४ लाख १ | देखी | १७ लाख | सम्म | ३५०।- |
| ८ | १७ लाख १ | देखी | २० लाख | सम्म | ४००।- |
| ९ | २० लाख १ | देखी | २२ लाख ५० हजार | सम्म | ५००।- |
| १० | २२ लाख ५० हजार १ | देखी | २६ लाख | सम्म | ७००।- |
| ११ | २६ लाख १ | देखी | २८ लाख | सम्म | ८५०।- |
| १२ | २८ लाख १ | देखी | ३० लाख | सम्म | १०००।- |
| १३ | ३० लाख १ | देखी | ३५ लाख | सम्म | १२००।- |
| १४ | ३५ लाख १ | देखी | ४० लाख | सम्म | १८००।- |
| १५ | ४० लाख १ | देखी | ४५ लाख | सम्म | २४००।- |
| १६ | ४५ लाख १ | देखी | ५० लाख | सम्म | ३०००।- |
| १७ | ५० लाख १ | देखी | ६० लाख | सम्म | ३५००।- |
| १८ | ६० लाख १ | देखी | ७० लाख | सम्म | ५१२५।- |
| १९ | ७० लाख १ | देखी | ८० लाख | सम्म | ६७५०।- |
| २० | ८० लाख १ | देखी | ९० लाख | सम्म | ८३७५।- |
| २१ | ९० लाख १ | देखी | १ करोड | सम्म | १००००।- |
| २२ | १ करोड १ | देखी | १ करोड २० लाख | सम्म | १२०००।- |
| २३ | १ करोड २० लाख १ | देखी | १ करोड ४० लाख | सम्म | १४०००।- |
| २४ | १ करोड ४० लाख १ | देखी | १ करोड ६० लाख | सम्म | १६०००।- |
| २५ | १ करोड ६० लाख १ | देखी | १ करोड ८० लाख | सम्म | १८०००।- |
| २६ | १ करोड ८० लाख १ | देखी | २ करोड | सम्म | २००००।- |
| २७ | २ करोड १ | देखी | २ करोड ५० लाख | सम्म | २५०००।- |
| २८ | २ करोड ५० लाख १ | देखी | ३ करोड | सम्म | ३२०००।- |
| २९ | ३ करोड १ | देखी | ३ करोड ५० लाख | सम्म | ३९०००।- |
| ३० | ३ करोड ५० लाख १ | देखी | ४ करोड | सम्म | ४६०००।- |
| ३१ | ४ करोड १ | देखी | ४ करोड ५० लाख | सम्म | ५३०००।- |
| ३२ | ४ करोड ५० लाख १ | देखी | ५ करोड | सम्म | ६००००।- |
| ३३ | ५ करोड १ | देखी | माथिको मुल्याङ्कनमा | सम्म | प्रति हजार २ का दरले थप |

१८. **र. न. पा. वडा नं. २ स्थित निर्माण गरेको तरकारी बजार तथा वडा सेवा केन्द्र सटर भाडा बाट निम्न अनुसार मासिक सटर भाडा लिन प्रस्तावित गरियो ।**

क. खुद्रा पसल)

| | |
|---|---|
| सटर नं. १, २ | रु ३०००।- |
| सटर नं. ३ | रु २५००।- |
| सटर नं. ४,५ र ६ | रु २३००।- |
| सटर नं. ७, ८ र ९ | रु २०००।- |
| सटर नं. १०,११ १२ र १३ | रु १८००।- |

ख. **थोक पसल**

| | |
|---|---|
| सटर नं. १, २ | रु ३०००।- |
| सटर नं. ३, ४, ५ र ६ | रु २७००।- |
| सटर नं. ७, ८, ९, ११, १२ र १३ | रु २५००।- |

ग. **कभर प्लेट**

| | |
|---|---|
| प्लेट नं. २३, २४ र २५ | रु १०००।- |
| प्लेट नं. २६, २७, २८, २९, ३० | रु ७००।- |
| प्लेट नं. ३१ देखी ४१ सम्म | रु ५००।- |

घ. **वडा सेवा केन्द्र सटर भाडा (वडा नं. १)**

| | |
|---|---|
| सटर नं. १ | रु ४०००।- |
| सटर नं. २ | रु ४२००।- |
| सटर नं. ३ | रु ४५१०।- |
| सटर नं. ४ | रु २२००।- |
| सटर नं. ५ | रु २०००।- |

## १९. सरसफाई शुल्क (मासिक)

| क.सं | ग्राहकको प्रकार | राजमार्ग | मुल शाखा पिच | शाखा पिच | ग्राबेल/ कच्ची | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | पक्की भवन(बजार क्षेत्र घर धुरीबाट) | | | | | |
| | क) भुई तले | ३०० | २०० | १०० | | |
| | ख) २ तल्ला सम्म | ४०० | ३०० | २०० | | |
| | ग) २ तल्ला भन्दा माथी | ५०० | ४०० | ३०० | | |
| | घ) कच्ची घर | ५० | ५० | ५० | | |
| २. | पक्की भवन (बसोबास क्षेत्र घरधुरीबाट) | | | | | |
| | क) भुई तले | १०० | ५० | ५० | ३० | |
| | ख) २ तल्ला सम्म | २०० | १०० | ७० | ४० | |
| | ग) २ तल्ला भन्दा माथी | ३०० | १५० | १०० | ५० | |
| | घ) कच्ची घर | | | | | |
| ३ | पक्की भवन (पर्यटकीय क्षेत्र, होटल घरधुरीबाट) | | | | | |
| | क) भुई तले | | ५०० | ३०० | | |
| | ख) २ तल्ला सम्म | | १००० | ५०० | | |
| | ग) २ तल्ला भन्दा माथी | | १५०० | १००० | | |
| | घ) कच्ची घर | | ५० | | | |
| ४ | उद्योग तर्फ | | | | | |
| | ठुलो उद्योग | | | | | २००० |
| | मझौला उद्योग | | | | | १५०० |
| | साना उद्योग | | | | | |
| ५ | निजी विद्यालय | | | | | १००० |
| ६ | वित्तिय संस्था | | | | | ७५० |
| ७ | कवाडी संकलन केन्द्र | | | | | ७०० |

## २०. विज्ञापन कर

| क.सं. | होर्डीङ्ग बोर्ड/तुल व्यानरको साईज | प्रति स्क्वायर फीट (रु) |
|---|---|---|
| १ | होर्डीङ्ग बोर्ड | ५०।- |
| २ | ग्लो बोर्ड, साईन बोर्ड | ४०।- |
| ३ | पोल बोर्ड | ६०।- |
| ४ | भित्ते लेखन, तुल व्यानर तथा विज्ञापनजन्य समाग्री | प्रति गोटा २०।- |

**२१. अचल सम्पत्ति तथा आय श्रोत मुल्याङ्कन हैसियत प्रमाणीत दस्तुर**

अचल सम्पत्ति मुल्याङ्कन तथा आयश्रोत प्रमाणीत प्रति लाख रु १००।- र विद्यार्थिको हकमा प्रमाण सहित ठहर भएमा प्रति लाख रु ५०।- र चालु आर्थिक वर्षकै १ वर्ष भित्र एक पटक सिफारीस गरेको मुल्याङ्कनमा सोही अंक र व्यहोराको पुनः सिफारीस गर्दा आवेदन दस्तुर रु ५००। लिई सिफारीस दिईने ।

२२. **बिटौरी कर**

**रत्ननगर न.पा. २ टांडी स्थित न.पा.को स्वामित्वमा रहेको तरकारी बजार क्षेत्र भित्र रहेका फुटपाथे व्यसायी(ठेला) हरु र माछा पसले व्यवसयीहरुलाई तपसिल बमोजिको दैनिक दस्तुर लिने ।**

| | |
|---|---|
| **फुटपाथे (ठेला व्यवसायी) -** | **दैनिक रु १०।-** |
| **मासु, माछा व्यवसायी** | **दैनिक रु २०।-** |